# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं.:

## प्रेस विज्ञप्ति

(मितिः २०८३/०१/०२)

विषयः समाचार प्रति ध्यानाकर्षण सम्बन्धमा।

मिति २०८२/१२/२९ गते 'न्यू सेन्टर अनलाइन'मा प्रकाशित "राजस्व चोरी" शीर्षकको समाचारप्रति शितगंगा नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त समाचारमा प्रयोग गरिएको भाषाशैली, प्रस्तुतीकरण र विना तथ्य लगाइएका लाञ्छनाप्रति यस कार्यालयको पूर्ण असहमति रहेको छ। जनप्रतिनिधि, कर्मचारी तथा संस्थागत मर्यादालाई आत्मसात गर्दै तथ्यमा आधारित, सन्तुलित र जिम्मेवार पत्रकारिताको अभ्यास हुनुपर्नेमा नगरपालिका दृढ विश्वास राख्दछ।

नगरपालिकामा मौजुदा प्राविधिक जनशक्तिको न्यूनताका कारण नापजाँच तथा मूल्याङ्कन कार्यमा केही प्राविधिक ढिलाइ हुन पुगेको यथार्थ हो। सम्बन्धित पक्षबाट राजस्व दाखिलाका लागि निरन्तर ताकेता र आग्रह हुँदाहुँदै पनि आधिकारिक प्राविधिक नापजाँच विना राजस्वको एकिन अंक निर्धारण गर्न नसकिने बाध्यताका कारण केही समय लागेको हो। अतः प्रक्रियागत ढिलाइलाई नै 'राजस्व चोरी गर्ने नियत'का रूपमा व्याख्या गरिनु पूर्वाग्रही र यथार्थपरक नभएको स्पष्ट पारिन्छ। आगामी दिनमा यस्ता कार्यहरूलाई थप प्रभावकारी, व्यवस्थित र समयबद्ध रूपमा सम्पन्न गर्न नगरपालिका प्रतिबद्ध रहेको छ।

साथै उक्त समाचारमा उल्लेख गरिएको विषयमा हाल प्राविधिक नापजाँच र निर्धारित प्रक्रिया अनुसार मूल्याङ्कन सम्पन्न भई सम्बन्धित पक्षबाट राजस्व समेत दाखिला भइसकेको छ। नगरपालिकाको अभिलेख अनुसार हालसम्म कुनै पनि प्रकारको राजस्व चुहावट नभएको व्यहोरा स्पष्ट गरिन्छ।

अन्त्यमा, नगरपालिकासँग सम्बन्धित सार्वजनिक चासो र संवेदनशील विषयहरूमा समाचार सम्प्रेषण गर्नुअघि सम्बन्धित पक्षसँग आवश्यक सोधखोज गरी आधिकारिक धारणा समावेश गरिदिनुहुन सम्पूर्ण सञ्चार माध्यमहरूमा हार्दिक अनुरोध गरिन्छ। यसले सूचनाको विश्वसनीयता अभिवृद्धि गर्नुका साथै भ्रम निवारण भई सार्वजनिक विश्वासलाई सुदृढ गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

शितगंगा नगरपालिका सदैव पारदर्शिता, जवाफदेहिता र विधिसम्मत कार्यसम्पादनप्रति कटिबद्ध रहेको वेहोरा समेत जानकारीका लागि अनुरोध छ ।

छविलाल पोडेल
नगर प्रमुख

नगर प्रमुख
शितगंगा नगरपालिका

अनुसूची २४

# राष्ट्रिय वाणिज्य बैंक लि.

शाखा कार्यालय ..........

बैंकको छाप

## राजश्व दाखिला फाराम (Deposit Slip)

मिति ..........

दाखिला फाराम (Deposit Slip) नं. 15237611

राजश्व खाता रहेको बैंक शाखा: राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय

बैंक खाता नं. १ | ० | ० | ० | १ | ० | ० | २ | ० | ० | ० | १ | ० | ० | ० | ०

राजश्व संकलन भएको प्रदेश : .......... जिल्ला ..........

स्थानीय तह ..........

(रोयल्टीको हकमा कुन प्रदेश र स्थानीय तहको प्राकृतिक स्रोत उपयोग बापतको हो अनिवार्य खुलाउनु पर्नेछ ।) ..........

प्रयोजन : ..........

कार्यालयको कोड: ..........

कार्यालयको नाम: ..........

राजश्व शिर्षक न.: ..........

दाखिला भएको रकम रु. अंकमा: ..........

अक्षरमा: .......... श्रोत कर कट्टी: हो ☐ होइन ☐

आय बर्ष: ..........

बापत: ..........

भुक्तानीको प्रकार: नगद/साधारण चेक/गुडफर पेमेन्ट चेक/ड्राफ्ट/विद्युतिय ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं.

जारी गर्ने बैंक र शाखा:

दाखिला गर्ने फर्म/व्यक्तिको नाम:

ठेगाना/फोन नं. समेत

भ्याट/पान नं.

बैंकले भर्ने:

कारोबार संकेत नं. ..........

दाखिला रकम ..........

मिति : ..........

प्रमाणित गर्नेको हस्ताक्षर

रकम दाखिला गर्नेको सही

यो फारम कम्तिमा २ प्रति तयार गर्नुपर्ने छ। RMIS बाट सिर्जना भएको भौचर नम्बर, राजश्व शिर्षक, रकम र मिति समेत लेखि यसको एक प्रति जम्मा कर्तालाई दिई एक प्रति बैंकले आफ्नो प्रयोजनको लागि राख्नु पर्ने छ। यस राजश्व दाखिला फारमको सट्टा www.rajaswa.fego.gov.np मा log in गरी भौचर भर्न सकिने छ।